# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुडिया, नवलपरासी(ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल ।

## नदीजन्य पदार्थ लिलाम बिक्री सम्बन्धी ७ ( सात) दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०।११।०६

यस गाउँपालिकाको वडा न. २, ३ र ४ को विभिन्न क्षेत्रमा अवैधरुपमा संकलन गरी बेवारिसे अवस्थामा रहेको नदीजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्रि गर्ने गाउँकार्यपालिकाको मिति २०८०।११।०६ गतेको निर्णय बमोजिम लिलाम बढावढ गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का न. | क्षेत्र | विवरण | | न्युनतम अंक ( मु.अ.कर बाहेक) रु | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | विवरण र परिमाण(घन मिटर) | कुल परिमाण ( घन फिट) | | |
| आय-६/०८०।०८१ | सुस्ता गा.पा. वडा न. २ महलबारी (नवदुर्गा मन्दिरको पश्चिम) मा रहेको | ढुङ्गा : २५२<br>बालुवा : ७०<br>गिट्टी : १२ | नदीजन्य पदार्थ : ११७९५ | ९४३६०।०० | कबोल अंकको ५ प्रतिशतका दरले |
| आय-७/०८०।०८१ | सुस्ता गा.पा. वडा न. ३ वि गैप बाँध देखी पश्चिम तर्फको विभिन्न क्षेत्रमा रहेको | ढुङ्गा : ७४<br>बालुवा : २८०<br>गिट्टी : २६<br>भस्कट : ४८ | नदीजन्य पदार्थ : १३४१९<br>भस्कट : १६९५ | ११४१३२।०० | कबोल अंकको ५ प्रतिशतका दरले |
| आय-८/०८०।०८१ | सुस्ता गा.पा. वडा न. ३ वि गैप बाँध देखी पुर्व तर्फको विभिन्न क्षेत्रमा रहेको | ढुङ्गा : ८१५<br>बालुवा : ४५८<br>गिट्टी : १०४<br>भस्कट : ८४ | नदीजन्य पदार्थ : ४८६२८<br>भस्कट : २९६६ | ४००८८८।०० | कबोल अंकको ५ प्रतिशतका दरले |
| आय-९/०८०।०८१ | सुस्ता गा.पा. वडा न. ४ को ६ र १२ नं. ठोकर क्षेत्र को बरीपरी रहेका | ढुङ्गा : १२६<br>बालुवा : २०८४<br>गिट्टी : १५ | नदीजन्य पदार्थ : ७८५७५ | ६२८६००।०० | कबोल अंकको ५ प्रतिशतका दरले |
| आय-१०/०८०।०८१ | सुस्ता गा.पा. वडा न. ४ को ७,९, र १५ नं. ठोकर क्षेत्र को बरीपरी रहेका | ढुङ्गा : ७३१<br>बालुवा : ९९५ | नदीजन्य पदार्थ : ६०९५३ | ४८७६२४।०० | कबोल अंकको ५ प्रतिशतका दरले |

**शर्तहरु**

१) लिलाम बढाबढको सिलबन्दी दरभाउपत्रको फाराम यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन (मिति २०८०।११।१३) सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा रु १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपी, मुल्यअभिबृद्धिकर दर्ता प्रमाण पत्र, आ.ब.०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि निबेदन दिनु पर्ने छ ।

२) न्युनतम अंक माथी उल्लेख गरिए बमोजिम हुने छ । उक्त अंकमा अग्रिम आयकर र मुल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

८०।११।०६

प्रमुख प्रशासकीय अधिकृत

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको एन.एम.वि.बैक , कुडिया शाखामा रहेको धरौटी खाता न. १०५००८५४८९८०००४४ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गरी पेश गर्नु पर्ने छ ।

५) यो सुचना प्रकाशित भएको मितिले ८ औं दिन (२०८०।११।१४) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । सोहि दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधी को उपस्थितीमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभए पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्बजनिक विदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ ।

७) कार्यालयबाट प्रमाणित नभएको र रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

८) लिलाम ठेक्का सकार गर्ने फर्मले नदीजन्य पदार्थ उठाई सक्नु पर्ने समयावधि लगायतका अन्य शर्तहरु द्धिपक्षीय सम्झौता बमोजिम हुनेछ ।

९) लिलाम ठेक्का सकार गरे पछी नदीजन्य पदार्थ उठाउनको लागि आवश्यक जनशक्ति, सवारी साधन, उपकरण लगायतको प्रबन्ध ठेकेदार स्वयमले गर्नु पर्ने छ ।

१०) लिलाम ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११) लिलाम गर्ने नदीजन्य पदार्थ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्ने हुनाले लिलाम बढाबढमा सहभागी हुनेले सिलबन्दी दरभाउपत्र पेश गर्नु अघि आफुले सिलबन्दी दरभाउपत्र पेश गर्ने क्षेत्रको स्थलगत निरिक्षण गरी सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ । पछि परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको बादविबाद गर्न वा मिनाहा छुट को दावी गर्न पाईने छैन ।

१२) लिलाम ठेक्का कबोल गरेको रकम, सोको अग्रिम आयकर र मुल्य अभिबृद्धि कर बापतको रकम एकमुष्ट रुपमा बुझाउनु पर्ने छ । अन्य कुराहरु सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

१३) अन्य जानकारीको लागि गाउँकार्यपालिकाको कार्यालय सम्पर्क गर्नु होला ।

२०८०।११।६

हुमलाल भुसाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत